# त्रिवेणी राजपत्र


## त्रिवेणी नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ सङ्ख्या ८ मिति २०८२ पुस २४ गते


## भाग १

## त्रिवेणी नगरपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८२ को ऐन नं ८

### जनस्वास्थ्य ऐन, २०८२

**प्रस्तावनाः** नागरिकको स्वस्थ जीवनयापन गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न तथा नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क, आधारभूत स्वास्थ्य सेवालाई व्यवस्थित, प्रभावकारी र जनमुखी बनाउन स्थानीय तहलाई प्राप्त जनस्वास्थ्य सम्बन्धी स्वास्थ्य संस्था स्थापना, सञ्चालन, व्यवस्थापन, इजाजत र अनुगमन प्रणालीलाई

प्रभावकारी बनाउँदै स्वास्थ्य, पोषण र सरसफाइसँग सम्बन्धित अधिकारहरुको एकीकृत रुपमा व्यवस्थापन गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ बमोजिम त्रिवेणी नगरसभाले यो ऐन जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम त्रिवेणी नगरपालिका **"जनस्वास्थ्य ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुगमन समिति" भन्नाले स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गर्न गठित दफा १६ बमोजिमको अनुगमन तथा गुणस्तर समितिलाई सम्झनुपर्छ।

(ख) "आधारभूत स्वास्थ्य सेवा" भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क

त्रिवेणी नगरपालिका

उपलब्ध हुने नेपाल सरकारले तोकेका प्रवर्द्धनात्मक, प्रतिकात्मक, उपचारात्मक, निदानात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनुपर्छ, र सो शब्दले दफा ३ बमोजिम नगरपालिकाले थप गरेका आधारभूत स्वास्थ्य सेवालाई समेत जनाउनेछ।

(ग) "कार्यपालिका" भन्नाले त्रिवेणी नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(घ) "गैर सरकारी वा निजी स्वास्थ्य संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्वीकृति लिई गैरसरकारी वा निजी वा सहकारी क्षेत्रको लगानी तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनुपर्छ। र सो शब्दले सामुदायिक वा गुठी वा ट्रष्टमार्फत सञ्चालित गैरनाफामूलक स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(ङ) "जनस्वास्थ्य निरीक्षक" भन्नाले स्वास्थ्य संस्था र जनस्वास्थ्य सम्बन्धी गुणस्तर अनुगमन तथा निरीक्षण गर्न प्रचलित कानुन बमोजिमको योग्यता पुगेको दफा १९ बमोजिमको स्वास्थ्य अधिकारीलाई सम्झनुपर्छ।

(च) "नगरपालिका" भन्नाले त्रिवेणी नगरपालिका सम्झनुपर्छ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले त्रिवेणी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(झ) "बोर्ड" भन्नाले दफा ६ बमोजिम गठित नगर जनस्वास्थ्य बोर्डलाई सम्झनुपर्छ।



त्रिवेणी नगरपालिका

(ञ) "व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ९ बमोजिमका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ट) "सरकारी स्वास्थ्य संस्था" भन्नाले त्रिवेणी नगरपालिका क्षेत्रभित्र नगरपालिका, प्रदेश सरकार र नेपाल सरकारले सञ्चालन गरेका स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले कानुन बमोजिम स्थापना भएका स्वशासित संगठित संस्था मातहतमा सञ्चालित प्रतिष्ठान र शिक्षण अस्पताललाई समेत जनाउनेछ।

(ठ) "सेवाग्राही" भन्नाले स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ।

(ड) "सेवा प्रदायक" भन्नाले मान्यता प्राप्त शिक्षण संस्थावाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदवाट अनुमति प्राप्त स्वास्थ्य



त्रिवेणी नगरपालिका

संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता वा महिला स्वास्थ्य स्वयंसेविका सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने कानुन बमोजिम अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(ढ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापित सामुदायिक वा गैरसरकारी वा निजी वा सहकारी वा गैर नाफामूलक रुपमा स्थापना भएका स्वास्थ्य संस्थालाई समेत जनाउनेछ।

(ण) "शाखा" भन्नाले त्रिवेणी नगरपालिकाको स्वास्थ्य सेवा सम्बन्धी कामकाज गर्न गराउनको लागि तोकेको दफा ५ बमोजिम तोकिएको सम्झनुपर्छ।



त्रिवेणी नगरपालिका

## परिच्छेद-२

## आधारभूत स्वास्थ्य सेवा तथा सेवा प्रदायक

३. **आधारभूत स्वास्थ्य सेवा:** (१) प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच हुनेछ।

(२) नेपाल सरकारले निर्धारण गरेका जनस्वास्थ्य सेवा ऐन, २०७५ मा उल्लेखित देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू प्रत्येक नागरिकलाई निःशुल्क प्राप्त हुनेछ।

(क) खोप सेवा,

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा,

(ग) सरुवा रोग सम्बन्धी सेवा,

(घ) नसर्ने रोग तथा शारीरिक बिकलङ्गता सम्बन्धी सेवा,

(ङ) मानसिक रोग सम्बन्धी सेवा,



त्रिवेणी नगरपालिका

(च) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा,

(छ) सामान्य आकस्मिक अवस्थाका सेवा,

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा,

(झ) आयुर्वेद तथा अन्य मान्यताप्राप्त वैकल्पिक स्वास्थ्य सेवा,

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा,

(३) उपदफा (२) बमोजिमका सेवाका अतिरिक्त स्थानीय आवश्यकता र उपलब्ध स्रोत साधनका आधारमा कार्यपालिकाले राजपत्रमा सूचना प्रकाशित गरी आधारभूत स्वास्थ्य सेवाको सूची थप गरी निःशूल्क उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (२) र (३) का साथै स्थानीय आवश्यकता र अवस्था अनुसार निश्चित वर्ग, समूह, लिङ्ग वा क्षेत्रका नागरिकलाई नगरपालिकाले कुनै स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन सक्नेछ

(५) उपदफा (३) र (४) बमोजिमका सेवाको स्रोत व्यवस्थापन नगरपालिकाले गर्नुपर्नेछ।

(६) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी व्यवस्था र प्रक्रिया बमोजिम आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन नगरपालिकाले गर्नेछ।

(७) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

४. **आधारभूत स्वास्थ्य सेवा प्रदायकः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रम मार्फत आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बाहेक नेपाल सरकार, प्रदेश सरकार, र नगरपालिकाले तोकेका स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ।

(३) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार नगरपालिकाले सहकारी, सामुदायिक, निजी वा गैरसरकारी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ।

५. **स्वास्थ्य शाखाः** आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी नगरपालिकाको अन्य गतिविधि सञ्चालन गर्नको लागि नगरपालिकामा एक स्वास्थ्य शाखा रहनेछ।

## परिच्छेद-३



त्रिवेणी नगरपालिका

## नगर जनस्वास्थ्य बोर्ड

६. **नगर जनस्वास्थ्य बोर्ड:** नगरपालिकामा देहाय बमोजिमको एक जनस्वास्थ्य बोर्ड रहनेछ;

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास समिति संयोजक -सदस्य

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मध्ये बोर्डले मनोनित गरेका एक जना -सदस्य

(च) कार्यपालिका सदस्यहरु मध्येवाट नगर प्रमुखले तोकेको एक महिला सहित दुई जना -सदस्य

(छ) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट नगर प्रमुखले तोकेको एक जना -सदस्य

(ज) स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक, पारामेडिक्स र नर्स मध्ये नगर प्रमुखले तोकेको एक-एक जना -सदस्य



त्रिवेणी नगरपालिका

(झ) स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ मध्ये बोर्डले मनोनित गरेका कम्तिमा एक महिला सहित दुई जना -सदस्य

(ञ) स्वास्थ्य क्षेत्रमा कार्यरत निजी वा गैह्रसरकारी स्वास्थ्य संस्थाको प्रतिनिधित्व हुने गरी समितिले तोकेको एक जना -सदस्य

(ट) स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

७. **नगर बोर्डको काम, कर्तव्य र अधिकारः** नगर जनस्वास्थ्य बोर्डको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) नगरस्तरीय दीर्घकालीन, मध्यकालीन तथा वार्षिक स्वास्थ्य नीति, रणनीति र योजना तर्जुमा तथा समन्वय गर्ने,

(ख) सरकारी, निजी, सामुदायिक, गैरसरकारी तथा विकास साझेदारबीच बहुसरोकारवाला समन्वय र सहकार्य गर्ने,

(ग) प्राथमिकता प्राप्त स्वास्थ्य क्षेत्र पहिचान गरी आवश्यक कार्यक्रम सिफारिस गर्ने,

(घ) नगरभित्रका स्वास्थ्य स्रोत, सेवा र पूर्वाधारको नक्साङ्कन गरी प्रभावकारी उपयोग सुनिश्चित गर्ने,

(ङ) स्वास्थ्य सेवा प्रवाहको गुणस्तर, पहुँच र समावेशिताको अनुगमन तथा सुधारका लागि सुझाव दिने,

(च) स्वास्थ्य आपतकालिन अवस्था, महामारी तथा विपद्का समयमा सरोकारवालासँग सहकार्य र समन्वय गर्ने,

(छ) नगर कार्यपालिका समक्ष स्वास्थ्य क्षेत्र सुधारसम्बन्धी आवश्यक सिफारिस गर्ने र

(ज) नगरपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने।

(३) बोर्डले स्वास्थ्यसँग सम्बन्धित कुनै विषयमा सुझाव प्रस्तुत गर्न समिति वा उप-समिति गठन गर्न सक्नेछ।

त्रिवेणी नगरपालिका

(४) बोर्ड सम्बन्धी अन्य कार्यविधि बोर्ड आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

## परिच्छेद-४

## स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन

८. **स्वास्थ्य संस्था संचालनः** (१) आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि नगरपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था सञ्चालन गर्न सक्नेछ।

(क) अस्पताल
(ख) प्राथमिक स्वास्थ्य केन्द्र
(ग) स्वास्थ्य चौकी
(घ) फार्मेसी
(ङ) स्वास्थ्य क्लिनिक
(च) आयुर्वेद क्लिनिक
(छ) रक्त संचार केन्द्र
(ज) आधारभूत स्वास्थ्य सेवा केन्द्र
(झ) सामुदायिक स्वास्थ्य एकाई
(ञ) प्रयोगशाला
(ट) जनस्वास्थ्य परामर्श केन्द्र
(ठ) खोप केन्द्र गाउँघर क्लिनिक

त्रिवेणी नगरपालिका

(ङ) नगरपालिकाले तोके बमोजिमका अन्य स्वास्थ्य संस्था

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम् मापदण्ड नेपाल सरकारले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले जनसंख्या, भुगोल र लाभान्वित वर्गको अनुपातमा आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य संस्था र नगरपालिकामा कम्तिमा एक अस्पताल रहने गरी स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले स्वास्थ्य सेवा सुलभ र सहज रुपमा सञ्चालन गर्न स्वास्थ्य सेवालाई एकीकृत रुपमा सञ्चालन गर्न सक्नेछ।

(५) नगरपालिकाले हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाको प्रचलित मापदण्ड बमोजिम स्तरोन्नति गरी सञ्चालन गर्न सक्नेछ।

(६) स्वास्थ्य संस्था स्थापना गर्दा नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ।

(७) प्रचलित मापदण्डको अधिनमा रही नगरपालिकाले आफ्नो स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्थामार्फत विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम विशेषज्ञ सेवा सञ्चालन गर्दा नेपाल सरकार, प्रदेश सरकारसँग समन्वय र सहकार्य गर्न सक्नेछ।

(९) नगरपालिकाभित्र सञ्चालित सरकारी अस्पतालले अनिवार्य रुपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधी तथा सुपथ मूल्यमा अन्य आवश्यक औषधीहरु उपलब्ध गराउनु पर्नेछ।

९. **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनः** (१) नगरपालिकाको स्वामित्वमा सञ्चालन भएका अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको अस्पताल व्यवस्थापन समिति हुनेछ।

(क) नगर प्रमुख -संरक्षक

(ख) नगरपालिकाभित्र वसोवास गर्ने प्रतिष्ठित समाजसेवी मध्येबाट जनस्वास्थ्य बोर्डको सिफारिसमा कार्यपालिकाले नियुक्ति गरेको व्यक्ति -अध्यक्ष

(ग) नगरपलिकाभित्र वसोवास गर्ने प्रतिष्ठित समाजसेवी मध्येवाट कार्यपालिकाले तोकेको व्यक्ति -उपाध्यक्ष

(घ) सामाजिक विकास समिति संयोजक वा प्रतिनिधि -सदस्य

(ङ) अस्पताल रहेको वडाको अध्यक्ष -सदस्य

(च) कार्यपालिका महिला सदस्य मध्ये कम्तिमा एक दलित महिला सदस्य सहित दुई जना -सदस्य

(छ) सामाजिक वा स्वास्थ्य वा शिक्षा क्षेत्रमा क्रियाशिल स्थानीय व्यक्तिहरू मध्ये कार्यपालिकाले तोकेको कम्तिमा एक महिला सहित दुई जना -सदस्य

(ज) महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट कार्यपालिकाले तोकेको एक जना -सदस्य

(झ) अस्पतालको पारामेडिक्स/नर्सिङ्ग इन्चार्ज -सदस्य

(ञ) स्थानीय उद्योग व्यापार संघको अध्यक्ष वा उक्त क्षेत्रमा कृयाशिल प्रतिनिधि -सदस्य

(ट) स्वास्थ्य शाखा प्रमुख -सदस्य

त्रिवेणी नगरपालिका

(ठ) अस्पतालको मेडिकल सुपरिटेण्डेन्ट -सदस्य सचिव

(२) उपदफा (१) बाहेकका नगरपालिकाको स्वामित्व रहेका सरकारी स्वास्थ्य संस्थाको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति हुनेछ;-

(क) नगर प्रमुख -संरक्षक

(ख) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको अध्यक्ष -अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्य एक जना -उपाध्यक्ष

(घ) निर्वाचित महिला सदस्यहरु मध्येबाट एकजना -सदस्य

(ङ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा सचिव -सदस्य

(च) स्वास्थ्य संस्था रहेको क्षेत्रको विद्यालयका प्रमुख मध्येबाट एक जना -सदस्य

(छ) स्थानीय ब्यापार संघको प्रतिनिधि-सदस्य

(ज) महिला स्वास्थ्य स्वयंसेविका मध्येवाट समितिले मनोनित गरेका एक जना -सदस्य

(झ) सम्बन्धित स्वास्थ्य संस्था प्रमुख - सदस्य सचिव

तर, एउटै वडामा एक भन्दा धेरै स्वास्थ्य संस्था भएको अवस्थामा पनि यसै बमोजिम समिति गठन गरिनेछ।

(३) समितिले दलित, जनजाति, अपांगता भएका, जेष्ठ नागरिक, बालबालिका, किशोर किशोरी मध्येबाट एक-एक जना व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिले आवश्यक देखेमा स्थानीय समाजसेवी, विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समिति सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१०. **व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ,-

(क) **सेवा सुनिश्चितता र गुणस्तरः** नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाका मापदण्डअनुसार गुणस्तरीय, प्रभावकारी र दीगो

स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न आवश्यक नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ख) **समावेशी पहुँचः** वञ्चित समुदाय, अल्पसंख्यक, आदिवासी, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, महिला र किशोरकिशोरी समूहलाई लक्षित गरी सेवाको पहुँच विस्तार गर्ने,

(ग) **स्रोत व्यवस्थापनः** स्वास्थ्य संस्थाको सञ्चालन र व्यवस्थापनका लागि स्रोत साधन जुटाउने र वार्षिक बजेट/कार्यक्रम तयार गर्ने,

(घ) **सेवा अनुगमन र समिक्षाः** प्रवाह भएका सेवाको नियमित अनुगमन, समीक्षा र गुणस्तर अभिवृद्धिका लागि आवश्यक निर्णय गर्ने,

(ङ) **संघीय तथा प्रादेशिक कार्यक्रम कार्यान्वयनः** स्वास्थ्य बीमा, खोप, मातृशिशु सुरक्षा लगायतका



त्रिवेणी नगरपालिका

कार्यक्रम कार्यान्वयनमा प्रवन्ध मिलाउने,

(च) **सहुलियत सेवा व्यवस्थापनः** अति विपन्न, असहाय र अपांगता भएका व्यक्तिहरूलाई निःशुल्क वा सहुलियत सेवा प्रदानको व्यवस्था गर्ने,

(छ) **जनशक्ति तथा वातावरणः** स्वास्थ्यकर्मीहरूको क्षमता र वृत्ति विकास, प्रोत्साहन, सुरक्षित तथा मैत्रीपूर्ण कार्य वातावरण सृजना गर्ने,

(ज) **सम्पत्ति र पूर्वाधार व्यवस्थापनः** सम्पत्तिको तथ्याङ्क अद्यावधिक, संरक्षण, मर्मत र स्व-मूल्यांकनका आधारमा स्रोत परिचालनमा सहयोग गर्ने।

(झ) **डाटा तथा सूचना व्यवस्थापनः** स्वास्थ्य तथ्याङ्क संकलन, विश्लेषण, प्रयोग र रिपोर्टिङ सुनिश्चित गर्ने,

(ञ) **योजना, अनुगमन र प्रतिवेदनः** तथ्यमा आधारित योजना निर्माण,



त्रिवेणी नगरपालिका

कार्यान्वयन, अनुगमन तथा प्रगति प्रतिवेदन प्रस्तुत गर्ने,

(ट) **सुशासन र सामाजिक जवाफदेहिताः** जनसहभागिता, पारदर्शिता र सेवा उपयोगकर्ता मैत्री स्वास्थ्य सेवा प्रवर्द्धन गर्ने,

(ठ) **समन्वय र सहकार्यः** नगरपालिका, स्वास्थ्य शाखा र समितिसँग समन्वय गरी विद्युतीय प्रणाली लगायतका कार्यक्रम कार्यान्वयन गर्ने,

(ड) **निर्णय कार्यान्वयन अनुगमनः** अघिल्लो निर्णयको कार्यान्वयन स्थिति पुनरावलोकन गर्ने र समस्याको समाधानमा पहल गर्ने,

(ढ) **संवैधानिक तथा कानुनी दायित्वको पालनाः** संविधान र स्थानीय सरकार सञ्चालन ऐन अनुसार स्थानीय तहका एकल तथा साझा अधिकार कार्यान्वयनमा व्यवस्थापन गर्ने, र

(ण) **अन्य कार्यहरू:** नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाका निर्देशानुसार अन्य स्वास्थ्य कार्यक्रमहरू सञ्चालन गर्ने।

११. **पदाधिकारीहरुको पदावधि:** (१) व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि नियुक्ति भएको मितिले पाँच वर्षको हुनेछ।

तर, पदाधिकारीको पदावधि बाँकी रहँदै सम्बन्धित स्थानीय तहको निर्वाचन सम्पन्न भएमा समिति स्वतः समाप्त हुनेछ।

(२) कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन।

तर, पदेनको हकमा यो प्रावधान लागु हुने छैन।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आफ्नो जिम्मेवारी पुरा नगर्ने समिति पदाधिकारी तथा सदस्यलाई कार्यपालिकाले निश्चित समय दिई बोर्डको सिफारिसमा समितिबाट हटाउन सक्नेछ।

१२. **पदावधि रिक्त हुने:** निम्न अवस्थामा पदाधिकारी तथा सदस्यहरुको पद रिक्त हुनेछ;

(क) मृत्यु भएमा,

(ख) राजिनामा दिएमा,



त्रिवेणी नगरपालिका

(ग) बिना सूचना लगातार तीनपटक समितिको बैठकमा अनुपस्थित भएमा,

(घ) फौजदारी अभियोग लागेमा, र

(ङ) स्वास्थ्य संस्थाको अहित हुने काम गरेको ठहर भएमा।

## परिच्छेद- ५

## स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन

१३. **स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र लिनुपर्नेः** (१) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्डका साथै नगरपालिकाले तोकेको प्रक्रिया पुरा गरी नगरपालिका क्षेत्रभित्र देहाय बमोजिमका निजी, गैरसरकारी, सामुदायिक, सहकारी वा गैरनाफामूलक संस्थालाई स्वास्थ्य संस्था सञ्चालनको लागि इजाजतपत्र दिने र नविकरण गर्न सक्नेछ;

(क) पन्ध्र शैयासम्मको अस्पताल,

(ख) स्वास्थ्य, आयुर्वेदिक, होमियोप्याथी क्लिनिक र यस्तै प्रकारका अन्य क्लिनिकहरू

(ग) औषधी पसल, फार्मेसी सेवा

(घ) फिजियोथेरापी केन्द्र, पुनर्स्थापना केन्द्र (मनोसामाजिक), प्राकृतिक

उपचार केन्द्र, अकुपन्चर, अकुप्रेसर केन्द्र, युनानी उपचार केन्द्र, योग ध्यान तथा शारिरीक व्यायम केन्द्र, परम्परागत सेवा क्लिनिक र यस्तैः प्रकारका क्लिनिक तथा सेवा केन्द्रहरू,

(ङ) जेरियाट्रिक परामर्श केन्द्र,

(च) प्रयोगशाला (डी र ई वर्गको),

(छ) आरोग्य केन्द्र,

(ज) विद्यालय स्वास्थ्य परामर्श केन्द्र,

(झ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा सम्बन्धी सेवा, र

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा।

तर, औषधी पसल सञ्चालनका लागि सम्बन्धित नियमक निकायबाट सिफारिस लिनुपर्नेछ।

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनैपनि संस्था सञ्चालन वा सेवा उपलब्ध गराउन पाउने छैन।

(३) यो ऐन जारी हुनुअघि नगरपालिका क्षेत्र भित्र सञ्चालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएपछि नगरपालिकाले तोकेको प्रक्रिया बमोजिम यो ऐन

प्रारम्भ भएको तीन महिनाभित्र इजाजतपत्रका लागि निवेदन दिनुपर्नेछ।

(४) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन इजाजतपत्र लिन वा नवीकरण गर्न नगरपालिकाकाले तोके बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमका स्वास्थ्य संस्थाले प्रचलित कानुन बमोजिमको मापदण्ड पुरा गरे नगरेको सम्बन्धमा अनुगमन समितिले जाँचबुझ गरी वा गराई नगरपालिकालाई सिफारिस गर्नेछ।

(६) उपदफा (५) बमोजिम अनुगमन गर्दा मापदण्ड पुरा गरेको पाइएमा नगरपालिकाले स्वास्थ्य संस्था तथा सेवा सञ्चालन सम्बन्धमा आवश्यक सर्त तोकी तोकिए बमोजिमको ढाँचामा सञ्चालन इजाजतपत्र दिन सक्नेछ।

(७) स्वास्थ्य संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र नगरपालिकाले तोके बमोजिमको विवरण सहितको स्व-मूल्याङ्कन प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नुपर्नेछ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा नगरपालिका क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा नगरपालिकालाई अग्रिम जानकारी गराउनुपर्नेछ।

(९) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाको बखत कुनै

निकायबाट अनुमति लिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थाले यस ऐन र प्रचलित कानुन बमोजिमको मापदण्ड पुरा गर्न समय माग गरेमा नगरपालिकाले त्यस्तो स्वास्थ्य संस्थालाई औचित्य हेरी बढीमा छ महिनाको समायावधि दिन सक्नेछ। सो अवधिभित्र इजाजतपत्र नलिने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ।

(१०) स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति र इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था र मापदण्ड नेपाल सरकारले निर्धारण गरेको न्यूनतम् मापदण्ड अनुरुप नगरपालिकाले तोक्नेछ।

(११) उपदफा (१०) बमोजिमको मापदण्ड नबनेसम्मका लागि स्वास्थ्य संस्था तथा सेवा सञ्चालन अनुमति, इजाजतपत्र र नवीकरण सम्बन्धी अन्य व्यवस्था र मापदण्ड प्रचलित कानुन बमोजिम हुनेछ।

(१२) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका अन्तर्गत सञ्चालित सरकारी स्वास्थ्य संस्थाले इजाजत अनुमति लिनुपर्ने छैन।

तर, प्रचलित कानुन बमोजिमको न्यूनतम गुणस्तर मापदण्ड भने पुरा गरेको हुनुपर्नेछ।

(१३) स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र र नविकरण सम्बन्धमा भएको प्रगति प्रतिवेदन स्वास्थ्य शाखाले प्रत्येक महिना कार्यपालिकामा पेश गर्नुपर्नेछ।

(१४) स्वास्थ्य संस्था सञ्चालन अनुमति र इजाजतपत्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. **दर्ता सिफारिस लिनुपर्नेः** (१) नगरपालिका क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई/दर्ता भई सञ्चालन हुने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले स्थापना तथा सञ्चालन र नवीकरणको लागि नगरपालिकाबाट सेवा सञ्चालन पुर्व अनुमति वा दर्ता र नवीकरण सिफारिश लिनुपर्नेछ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाले समेत प्रचलित मापदण्ड बमोजिम आफ्नो स्वास्थ्य संस्थामा दश प्रतिशत संख्यामा अनिवार्य रुपमा नगरपालिकाले सिफारिस गरेका असहाय, गरिव तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ।

## परिच्छेद-६

## अनुगमन तथा गुणस्तर सम्बन्धी व्यवस्था

१५. **गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्नेः** (१) स्वास्थ्य संस्थाले गुणस्तर र पूर्वाधार मापदण्ड पुरा गर्नुपर्नेछ।

(२) कार्यपालिकाले नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गूणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले मापदण्ड नबनाउने बेलासम्म प्रचलित कानुन बमोजिमको मापदण्ड अनुसार हुनेछ।

(४) नगर क्षेत्र भित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरुपको सेवा गुणस्तर पुरा गरेको हुनुपर्नेछ।

१६. **अनुगमन समितिः** (१) स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी आवश्यक कारवाही गर्न नगरपालिकाले देहाय बमोजिमको समिति गठन गर्नेछ।

(क) नगरपालिका उपप्रमुख -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत-सदस्य

(ग) अस्पतालका मेसु र नर्सिङ प्रतिनिधि -सदस्य

(घ) सम्बन्धित विषयको विशेषज्ञ -सदस्य

(ङ) स्थानीय उपभोक्ता हित संरक्षणको क्षेत्रमा क्रियाशिल संस्थाको प्रतिनिधि एक जना -सदस्य

(च) गैरसरकारी तथा निजी स्वास्थ्य संस्थाहरुको प्रतिनिधि एक जना-सदस्य

(छ) सुरक्षा निकायका प्रमुख वा प्रतिनिध -सदस्य

(ज) नगरपालिका जन स्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(२) अनुगमन समितिले दफा १३ बमोजिम सञ्चालन अनुमति लिई नगरपालिका क्षेत्रभित्र इजाजतपत्र लिएका र नगरपालिकाले आफैं सञ्चालन गरेका प्रत्येक स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा सम्बन्धित क्षेत्रका विषय विज्ञ उपलब्ध हुन नसकेको अबस्थामा समितिले प्रादेशिक स्वास्थ्य कार्यालय, अस्पताल वा जिल्ला स्थित सम्बन्धित क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई सदस्यका रुपमा आमन्त्रण गर्न सक्नेछ।

(४) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समितिले जुनसुकै वेला निरीक्षक खटाउन सक्नेछ।

(५) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा विज्ञ आवश्यक भएमा सम्बन्धित विषयका विज्ञ प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ।

(६) अनुगमनका क्रममा मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई

आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारवाहीका लागि सिफारिस गर्नेछ।

(७) निरीक्षण तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा कार्यपालिकाले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरुको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ।

(८) स्वास्थ्य संस्थाको इजाजत र नविकरणका प्रयोजनका लागि पुर्वाधार तथा गुणस्तर अनुगमन र निरीक्षण गर्न अनुगमन समिति अन्तर्गत आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ।

(९) अनुगमन समिति र उपसमिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(१०) अनुगमन समितिले कार्यपालिकामा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

(११) समितिको बैठक तथा अन्य व्यबस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ।

१७. **<u>निरीक्षक तोक्न सक्ने:</u>** (१) स्वास्थ्य संस्थाले प्रचलित मापदण्ड बमोजिम स्वास्थ्य संस्था सञ्चालन गरे वा नगरेको र सेवा प्रदान गरे वा नगरेको सम्बन्धमा निरीक्षण र अनुगमन गर्न तथा जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित राख्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र

नियन्त्रण गर्न अनुगमन समितिले स्वास्थ्यको कुनै कर्मचारीलाई निरीक्षक तोक्न सक्नेछ।

(२) निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐन र प्रचलित कानुन विपरित जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्न सक्नेछ।

(३) निरीक्षकको योग्यता तथा अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

१८. **सेवा शुल्क निर्धारण तथा पुनरावलोकनः** (१) नेपाल सरकारले तोकेको मापदण्डअनुसार नगरपालिका भित्र उपलब्ध गराइने आधारभूत स्वास्थ्य सेवाबाहेकका सेवाहरूको अधिकतम् सेवा शुल्क निर्धारण तथा समय-समयमा पुनरावलोकन गर्ने अधिकार नगरपालिकालाई हुनेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को विपरीत नहुने गरी आफ्नो सेवा शुल्कमा परिवर्तन गर्नुपर्ने भएमा, परिवर्तनको स्पष्ट आधार उल्लेख गरी नगरपालिकालाई पूर्वसूचना दिनु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले आफ्ना सम्पूर्ण सेवाहरूको सेवा शुल्क सूची सबै सेवाग्राहीले सहज रूपमा देख्न सक्ने स्थानमा अनिवार्य रूपमा राख्नु पर्नेछ।

## परिच्छेद - ७

## स्वास्थ्य जनशक्ति, पूर्वाधार र औषधी व्यवस्थापन

१९. **स्वास्थ्य जनशक्तिः** (१) नगरपालिका भित्रका स्वास्थ्य संस्थामार्फत स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक जनशक्तिको व्यवस्थापन संघ तथा प्रदेशको प्रचलित कानुनको अधीनमा रही नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन बमोजिम गरिनेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत दरबन्दी रिक्त रहेको अवस्थामा उक्त रिक्त पदमा नगरपालिकाले प्रचलित कानुन बमोजिम करार सेवामार्फत पदपूर्ति गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै महामारी, विपद् वा आपतकालीन अवस्थाका कारण अतिरिक्त जनशक्तिको आवश्यकता परेमा नगरपालिकाले स्वीकृत दरबन्दी भन्दा बढी संख्यामा समेत करार सेवामार्फत स्वास्थ्य जनशक्तिको व्यवस्थापन गर्न सक्नेछ।

२०. **खरिद योजना बनाउनु पर्नेः** (१) नगरपालिकाको जनस्वास्थ्य हेर्ने शाखाले आफ्नो क्षेत्रभित्र बार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिद तथा व्यवस्थापन गर्न बार्षिक खरिद योजना बनाई नगर कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

(२) नगरपालिकाले आवश्यकता अनुसार बहुवार्षिक खरिद योजना पनि बनाउन सक्नेछ।

२१. **औषधी तथा स्वास्थ्य जन्य सामाग्रीको भण्डारणः** (१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरी छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ।

(२) नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत बिवरण सम्वन्धित स्वास्थ्य संस्थाले त्रैमासिक रुपमा सार्वजनिक गर्ने र स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ

(३) औषधी सम्बन्धी अन्य व्यबस्था प्रचलित कानुन बमोजिम हुनेछ।

२२. **नगर फार्मेसी सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले नगरवासीलाई सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउने प्रयोजनको लागि छुटटै फार्मेसी सञ्चालन गर्न सक्नेछ।

(२) फार्मेसी सञ्चालन सम्बन्धी अन्य व्यवस्था फार्मेसी सञ्चालन निर्देशिका र प्रचलित कानुन बमोजिम हुनेछ।

२३. **स्वास्थ्य पूर्वाधार र मापदण्डः** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्बर्द्धन गर्नेछ।

(२) नेपाल सरकारले निर्धारण गरेको स्वास्थ्य संस्थाको वर्गीकरण र प्रचलित स्वास्थ्य पूर्वाधार मापदण्ड

बमोजिम नगरपालिकाले स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण गर्नेछ।

(३) नेपाल सरकारको प्रचलित मापदण्डको प्रतिकुल नहुने गरी कार्यपालिकाले न्यूनतम पूर्वाधार मापदण्ड वनाई स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण, विस्तार तथा मर्मतसम्भार गर्न सक्नेछ।

(४) नगरपालिकाले आफ्नो स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा मापदण्ड अनुसार न्यूनतम औजार-उपकरणहरूको उपलब्धता सुनिश्चित गर्नेछ।

(५) स्वास्थ्य संस्थाको पूर्वाधार निर्माण, विस्तार तथा व्यवस्थापनका लागि नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, सार्वजनिक संघ संस्था र निजी संस्थासंग समेत साझेदारी गर्न सक्नेछ।

२४. **स्वास्थ्य पूर्वाधार मर्मत संभार कोषः** (१) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि नगरपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मतसम्भारको लागि बजेट छुट्टाउन सक्नेछ।

(२) कोषको सञ्चालन सम्बन्धी प्रक्रिया नगरपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद -८

## आकस्मिक स्वास्थ्य सेवा र जनस्वास्थ्य आपतकाल

२५. **आकस्मिक सेवाबाट बन्देज नगरिनेः** (१) नगरपालिका क्षेत्रमा सञ्चालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि

व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन।

(२) विरामीको जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याएसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको दायित्व र कर्तव्य हुनेछ।

(३) आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई नगरपालिकाले थप प्रोत्साहनको ब्यवस्था गर्न सक्नेछ।

(४) आकस्मिक स्वास्थ्य सेवा सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२६. **आपतकालिक स्वास्थ्य सेवाः** (१) नगरपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदको पूर्वतयारी, जाँचपड्ताल, व्यवस्थापन र जोखिम न्यूनिकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ।

(२) नगरपालिकाले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरी लागु गर्नेछ।

(३) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुराउन दूत प्रतिकार्य टोली तथा आपतकालिन चिकित्सकीय समूह परिचालन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम द्रुत प्रतिकार्य टोली तथा आपतकालिन चिकित्सकीय समूहको गठन, परिचालन

तथा स्रोत व्यवस्थापन सम्बन्धी व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(५) नगरपालिकाले विपद् व्यवस्थापन केन्द्र स्थापनका तथा सञ्चालन गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम विपद् व्यवस्थापन केन्द्र सञ्चालन गर्दा नजिकका अन्य स्थानीय तहसँग समेत संयुक्त रुपमा सञ्चालन गर्न सक्नेछ।

२७. **<u>संक्रामक रोगको व्यवस्थापनः</u>** (१) संक्रामक रोगबाट प्रभावित भएको लागेमा सम्बन्धित व्यक्ति वा निजको नजिकको आफन्तले स्थानीय स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीलाई सोको जानकारी दिनु पर्नेछ।

(२) कुनै व्यक्ति संक्रामक रोगबाट प्रभावित भइ उपचार गर्न आएमा अविलम्ब सोको जानकारी नगरपालिका र सम्बन्धित प्रादेशिक तथ संघीय निकायलाई दिनु सम्बन्धित चिकित्सक वा स्वास्थ्यकर्मी वा स्वास्थ्यसंस्थाको दायित्व र जिम्मेवारी हुनेछ।

(३) नगरपालिकाले प्रभाव क्षेत्र निक्यौंल गरी रोगको रोकथाम र न्यूनिकरणका लागि आवश्यक सतर्कता अपनाउन, जनशक्ति परिचालन गर्न र थप क्षति हुन नदिन स्थानीय स्रोत साधन परिचालन गर्न र सार्वजनिक सूचना प्रकाशित गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

त्रिवेणी नगरपालिका

(४) रोगको रोकथाम र नियन्त्रका लागि नगरपालिकाले अवलम्बन गरेका योजना कार्यान्वयन गर्नु र आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

(५) उपदफा (३) बमोजिम रोग रोकथाम र नियन्त्रण गर्न सहयोगको लागि नगरपालिकाले अन्य स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारसँग अनुरोध र समन्वय गर्नेछ।

(६) संक्रमित व्यक्तिहरूको व्यक्तिगत जानकारी र सेवा अभिलेखको गोपनियता सुनिश्चित गर्नु सेवा प्रदायक र स्वास्थ्य संस्थाको प्रमुख दायित्व हुनेछ।

२८. **जनस्वास्थ्य आपतकालः** (१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा नगर प्रमुखले प्रदेश तथा संघ सरकारसँग समन्वय गरी आफ्नो क्षेत्र भित्र जनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन्।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन-कुन क्षेत्रमा सो लागु हुने हो सो समेत स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणा सम्बन्धी जानकारी सम्बन्धित सबैका लागि सार्वजनिक माध्यमबाट प्रचारप्रसार गर्नु पर्नेछ।

(४) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि

जारी गरेका जनस्वास्थ्य सम्बन्धी आदेशहरूको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

(५) जनस्वास्थ्य आपतकाल घोषणा भएको अबस्थामा नगरपालिकाले जुनसुकै वखत निजी, गैरसरकारी सहकारी, गैर नाफामूलक, सामुदायिक वा अन्य स्वास्थ्य संस्थालाई आवश्यक निर्देशन दिन, स्वास्थ्य संस्था सञ्चालन गर्न, त्यस्तो स्वास्थ्य संस्थाबाट सम्बन्धित स्वास्थ्य सेवा उपलब्ध गर्न लगाउन, साधन स्रोत परिचालन गर्न र स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई परिचालन गर्न वा गराउन सक्नेछ।

(६) जनस्वास्थ्य आपतकाल घोषणा भएको अवस्थामा विद्यालय, सामुदायिक भवन, सार्वजनिक स्थान तथा आवश्यकता परेमा व्यक्तिले आफ्नो अवस्था अनुसार निजी साधन, भवन, जग्गा समेत उपलब्ध गराउनु प्रत्येक नगरवासी, निजी, गैरसरकारी, सहकारी सामुदायिक संघसंस्थाको दायीत्व हुनेछ। यसरी उपलव्ध भएका साधन स्रोतको संरक्षण गर्नु नगरपालिकाको जिम्मेवारी हुनेछ।

(७) आपतकालिन अवस्थामा नगरपालिकाले कुनै व्यक्ति वा संघ संस्थालाई स्वयंसेवामा परिचालन गर्न, गराउन सक्नेछ।

(८) नगरपालिकाले महामारी र आपतकालीन अवस्थामा थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि विभिन्न संघसंस्था अन्य

स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग अनुरोध गर्न सक्नेछ।

(९) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्याङ्क तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ।

(१०) जनस्वास्थ्य आपतकाल सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

२९. **एम्बुलेन्स तथा शव वाहन सेवाः** (१) नगरपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा प्रचलित मापदण्ड बमोजिम एम्बुलेन्स तथा शववाहन सेवा सञ्चालन गर्न सक्नेछ।

(२) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्स तथा शववहान सञ्चालन गर्ने संघ संस्थाले सञ्चालन अनुमतिका लागि नगरपालिकाको सिफारिस लिनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सञ्चालन अनुमति पाएका एम्बुलेन्स तथा शववहानले वार्षिक रुपमा नगरपालिकामा दर्ता तथा वार्षिक नविकरण गराउनुपर्नेछ।

(४) नगरपालिका क्षेत्रभित्र आधारित भई सञ्चालन हुने एम्बुलेन्स तथा शव वहान मापदण्ड अनुरूप भए नभएको अनुगमन दफा १६ बमोजिमको अनुगमन समितिले गर्नेछ।

(५) नगरपालिकाले अन्य स्थानीय सरकारसँगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ।

(६) एम्बुलेन्स तथा शववाहन सञ्चालन सम्बन्धमा कार्यपालिकाले छुट्टै कार्यविधि बनाई लागु गर्नेछ।

(७) महामारीमा शव व्यवस्थापनको लागि नगरपालिकाले निश्चित स्थान तोकी व्यवस्थापन गर्न सक्नेछ।

(८) नगरपालिकाले गरिव तथा बिपन्न वर्गका लागि यस दफा बमोजिम एम्बुलेन्स तथा सव बहान सेवा शुल्कमा निश्चित मापदण्ड बनाई सहुलियत तथा छुटको व्यवस्था गर्न सक्नेछ।

## परिच्छेद- ९

## सेवाग्राहीको कर्तव्य, सेवा प्रदायकको दायित्व

३०. **सेवाग्राहीको कर्तव्यः** (१) प्रत्येक व्यक्ति नियमित रुपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु तथा राय सुझाव ग्रहण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

(२) आफ्नो स्वास्थ्यको सम्वन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

३१. **सेवा प्रदायकको दायित्वः** (१) सेवाग्राहीलाई शिष्ट र मर्यादित रुपमा स्वास्थ्य सेवा प्रदान गर्नु तथा उपचार

सम्बन्धी जानकारी उपलब्ध गराउनु स्वास्थ्य सेवा प्रदायकको दायित्व हुनेछ।

(२) उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव गर्न पाइने छैन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकीकरण गर्नसक्नेछ।

(४) स्वास्थ्य संस्थामा उपचार तथा सेवा प्रदान गर्दा र निजको स्वास्थ्यसम्बन्धी जानकारी लिंदा सेवाग्राहीको व्यक्तिगत गोपनीयताको सुनिश्चितता गराउनु सेवा प्रदायकको दायित्व हुनेछ।

३२. **स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने:** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरुद्ध गर्न पाईने छैन।

३३. **गुनासो व्यवस्थापन:** (१) नगरपालिकाले स्वास्थ्य सेवा र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न एक अधिकारी तोक्नेछ।

(२) सबै स्वास्थ्य संस्थाले सबैले देखे ठाउँमा उजुरी पेटीका राखे र नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) गुनासो व्यवस्था सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।



त्रिवेणी नगरपालिका

३४. **पेशागत सुरक्षा र कार्यमैत्री वातावरणः** स्वास्थ्य संस्थामा भय रहित रुपमा उपचार तथा सेवा प्रदान गर्न पेशागत सुरक्षा र कार्यमैत्री वातावरण हुनेछ।

## परिच्छेद-१०

## सरसफाइ, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

३५. **सरसफाई तथा स्वस्थ वातावरणः** (१) कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर नगरपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्न पाइने छैन। यसका लागि कार्यपालिकाले उपयुक्त प्रक्रिया र विधि निर्धारण गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नु नगरपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय कानुन बनाई लागु गर्न सक्नेछ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा नगरपालिकाले प्रचलित कानुन बमोजिम कारवाही गर्न सक्नेछ।

(५) कार्यपालिकाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइ सम्बन्धी मापदण्ड निर्देशिका बनाई लागु गर्नेछ।



त्रिवेणी नगरपालिका

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य निरीक्षकसँग हुनेछ।

(७) जाँच परीक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ।

३६. **स्वास्थ्यजन्य फोहोर व्यवस्थापनः** (१) स्वास्थ्य सम्बन्धी फोहोरमैलाको छुट्टाछुट्टै संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागु गर्नेछ।

(२) नगरपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैह्रसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ।

३७. **जनस्वास्थ्य निरीक्षणः** (१) नगरपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न नगरपालिकाले संघ तथा प्रदेशसँगको समन्वयमा जनस्वास्थ निरीक्षक परिचालन गर्न सक्नेछ।



त्रिवेणी नगरपालिका

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तुस्थितिको मुचुल्का बनाई र उक्त गतिविधि तत्कालको लागि बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ।

३८. **खाद्य तथा पानीको गुणस्तरः** (१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक मापदण्डको आधारमा नगरपालिका क्षेत्रभित्र बिक्रि तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागु गर्नेछ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई सञ्चालन अनुमति दिनेछ।

(३) नगरपालिकाले नियमित रूपमा मापदण्ड पालना भए नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ।

(४) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरुत्साहित पार्ने तथा सन्तुलित आहार सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ।



त्रिवेणी नगरपालिका

(५) नगरपालिकाले नगरपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षण गर्नेछ।

(६) नगरपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधी वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य बस्तु उत्पादन, भण्डारण, ओसार पसार तथा बिक्री वितरणका क्रममा प्रचलित कानुन बमोजिमको न्यूनतम् मापदण्ड अनिवार्य पालना गर्नुपर्नेछ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परीक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ। यसरी जाँच परीक्षण गर्दा निरीक्षकले संघीय सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ।

(९) जाँच परीक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको सञ्चालन अनुमति निश्चित समय सम्म कारवाही गर्न सिफारिश गर्न सक्नेछ।

३९. **अखाद्य पदार्थ, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः** (१) नगरपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती, मदिरा तथा अखाद्य पदार्थको बिक्रि तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ बिक्रि वितरणका लागि नगरपालिकावाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ।

(३) सुर्ती तथा मदिराजन्य पदार्थ उपभोग र बिक्रि वितरणमा न्यूनिकरण तथा नियन्त्रण गर्न नगरपालिकाले निषेधित र बिक्रि वितरणका लागि खुल्ला क्षेत्र र समय तोक्न तथा उपभोगमा निश्चित सर्त बन्देज लगाउन सक्नेछ।

(४) नगरपालिका भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन।

(५) अठार वर्ष मुनिका बालवालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ बिक्रि वितरण गर्न पाइने छैन।

(६) विद्यालय, स्वास्थ्य संस्था लगायत नगरपालिकाले सूचना निकालेर तोकेका स्थान र सो वरपर जंक फुड, मदिरा तथा सुर्तिजन्य पदार्थको बिक्रि वितरण, प्रचार र उपभोग निषेधित गरिनेछ। निषेधित क्षेत्रमा जंक फुडको बिक्रि, वितरण, प्रचार गरेको पाइएमा सम्बन्धित

विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्ने व्यक्ति वा संस्था वा दुवैलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनका लागि **"जंक फुड"** भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित खाद्य सामग्री सम्झनुपर्छ।

४०. **जनस्वास्थ्य मैत्री भवन निर्माण तथा सडक पूर्वाधारः** (१) नगरपालिका भित्र सार्वजनिक भवनहरु निर्माण गर्दा जनस्वास्थ्य मैत्री हुनु पर्नेछ, यसमा भवन आचार संहिता मापदण्ड पालना, खासगरी भूकम्प प्रतिरोधी तथा अपांगतामैत्री हुनुपर्ने समेत पर्दछ।

(२) संघ, प्रदेश वा नगरपालिकाले तोकेका जोखिमपूर्ण क्षेत्रहरूका आवास निर्माण गर्न पाइने छैन। यदि निर्धारित क्षेत्रमा पहिले देखिनै आधिकारिक बसाइ रहेको भएमा नगरपालिकाले प्रचलित संघीय कानुन अनुसार वैकल्पिक स्थान सहित उपयुक्त क्षतिपूर्तिको व्यवस्था गर्नेछ।

(३) सडक पूर्वाधार निर्माण गर्दा सडक दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रवर्धनलाई ध्यानमा राखेर निर्माण गर्नु पर्नेछ।

(४) नगरपालिकाले कुनै पनि भौतिक संरचना निर्माण गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो संरचना निर्माणको क्रममा जनस्वास्थ्यमा पर्न सक्ने प्रभावको

मूल्यांकन गर्न सक्नेछ।मूल्याङ्कनबाट जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पर्न सक्ने देखिएमा त्यस्तो प्रभाव न्यूनिकरण गर्ने विधिबाट संरचना निर्माण गरिनेछ।

४१. **जनस्वास्थ्य मैत्री वस्ती विकासः** (१) जनस्वास्थ्य मैत्री वस्ती विकास गर्नु नगरपालिकाको दायित्व हुनेछ। जसमा आवश्यकता र सान्दर्भिकता अनुसार स्वास्थ्यका दृष्टिकोणले पर्याप्त खेल, मनोरञ्जन स्थल, पैदल हिड्ने व्यवस्था आदि समेत पर्नेछ।

(२) नगरपालिकाले योजना बनाई नगरपालिका क्षेत्र भित्र सार्वजनिक खुल्ला स्थान तथा सार्वजनिक पार्कको निर्माण र संरक्षण गर्नेछ।

## परिच्छेद-११

## प्रेषण, अभिलेखीकरण र स्वास्थ्य सूचना प्रणाली

४२. **प्रेषण तथा उपचार प्रणालीः** (१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ।

(२) उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध सेवा प्रदान गरी थप उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरुन्त बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ।

(३) नगरपालिकाले संघीय तथा प्रादेशिक कानुन, नियम तथा मापदण्ड समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य

संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न दोहोरो प्रेषण प्रणाली लागु गर्नेछ।

(४) गम्भीर अवस्थाका विरामी, गर्भवती महिला, विपन्न नागरिकलाई प्रेषण गर्दा एम्बुलेन्स सेवामा सहुलियत प्रदान गर्न सक्नेछ।

(५) प्रेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४३. <u>**स्वास्थ्य संस्था सूचना प्रणाली:**</u> (१) स्वास्थ्य संस्थावाट प्रदान गरिएका सेवा सम्वन्धी सम्पूर्ण तथ्याङ्कहरु नियमानुसार अभिलेख व्यवस्थापन गर्नेछ।

(२) स्वास्थ्य संस्थाले स्वास्थ्य सेवा सम्वन्धी सूचना नगरपालिका प्रदेश तथा संघको संवन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनेछ।

(३) स्वास्थ्य संस्थाबाट प्रदान भएका सेवा सुविधाहरुको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

(४) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाएको नागरिक बडापत्र स्वास्थ्य संस्थाको अग्रभागमा देखिने गरी राखु पर्नेछ र सोही अनुरूप सेवाहरु सुनिश्चितता गर्नुपर्नेछ।

(५) स्वास्थ्य संस्थामा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता



त्रिवेणी नगरपालिका

कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनेछ।

(६) प्रहरी, दमकल, सवबाहन, एम्बुलेन्स जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राखुपर्नेछ।

४४. **तथ्याङ्क संकलन र अभिलेखीकरणः** (१) नगरपालिकाले नगरपालिकाभित्र घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी विस्तृत तथ्याङ्क र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवासम्बन्धी तथ्याङ्क र अभिलेख नगर स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीमा नियमित रुपमा अद्यावधिक गराउनुपर्ने छ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रुपमा राखुपर्नेछ।

(४) नगरपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमतिप्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसंग सम्वन्धित व्यक्तिगत सूचना, कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा जिम्मेवार प्राप्त व्यक्तिको दायित्व हुनेछ।

(५) नगरपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचकांकहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ।

(६) नगरपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउने छ।

४५. **सर्वेक्षण गर्न सक्नेः** नगरपालिकाले आफ्नो क्षेत्रभित्रको स्वास्थ्य अवस्था र प्रणालीको वस्तुस्थिति बुझ्न र सो अनुरुपको योजना तर्जुमा गर्न आवधिक रुपमा स्वास्थ्य सर्वेक्षण तथा अध्ययन गर्न सक्नेछ।

४६. **जानकारी पाउने हकः** विरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पुर्ण जानकारी पाउने हक हुनेछ।

## परिच्छेद - १२

## साझेदारी र सहकार्य

४७. **साझेदारी र सहकार्य गर्न सक्नेः** (१) नगरपालिकाले स्वास्थ्य सेवा प्रवाह गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय, प्रादेशिक तथा संघीय तहका सरकारी, निजी तथा गैरसरकारी स्वास्थ्य संस्था, निकाय तथा संघ-संस्थासंग साझेदारी गर्न सक्नेछ।

(२) स्वास्थ्य सेवा प्रवाहको सुलभता र खर्च न्यूनिकरणको लागि नगरपालिकाले अन्य स्थानीय सरकारसँग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको

पायक पर्ने स्थानीय तहमा सञ्चालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सक्नेछ।

४८. **सेवा खरिद सम्झौता गर्न सक्ने:** नगरपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि नगरपालिकाले नगरपालिका क्षेत्रभित्र सञ्चालित वा आसपासमा पायक पर्ने स्थानमा सञ्चालित सरकारी, गैरसरकारी तथा निजी स्वास्थ्य संस्थासंग सेवा खरिद सम्झौता गर्न सक्नेछ।

४९. **विद्यालय स्वास्थ्य सेवा:** (१) नगरपालिकाले सरकारी तथा निजी शैक्षिक निकाय तथा विद्यालयहरुसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न सक्नेछ।

(२) विद्यालय स्वास्थ्य सेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरु नगरपालिकाले तोके बमोजिम हुनेछ।

५०. **घुम्ती शिविर सम्बन्धी व्यवस्था:** (१) स्वास्थ्य सम्बन्धी घुम्ती शिविर वा स्वास्थ्य सम्बन्धी अन्य सेवा तथा कार्यक्रमहरु प्रचलित कानुन बमोजिम अनुमति लिई स्वास्थ्य शाखाको समन्वयमा सञ्चालन गर्नु पर्नेछ।

(२) घुम्ती स्वास्थ्य शिविर वा सेवाहरु प्रदान गर्दा पूरा गर्नु पर्ने प्रक्रिया र मापदण्ड नगरपालिकाले तोकेबमोजिम हुनेछ।

५१. **विशेषज्ञ स्वास्थ्य सेवाः** (१) स्थानीय अवस्था र आवश्यकता तथा सेवाको प्रकृतिका आधारमा नगरपालिकाले प्रचलित मापदण्ड बमोजिम विशेषज्ञ सेवा प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न नगरपालिकाले अन्य सरकारी तथा निजी वा गैरसरकारी स्वास्थ्य संस्थासंग साझेदारी गर्न सक्नेछ।

(३) स्वास्थ्य सेवामा नगरवासीको पहुँच पुर्याउन दुर चिकित्सा, स्वास्थ्य शिविर, विद्युतीय स्वास्थ्य जस्ता प्रविधि तथा प्रक्रिया अबलम्बन गर्न सक्नेछ।

५२. **स्वास्थ्य वीमाः** (१) नगरपालिकाका सबै नागरिकलाई प्रचलित कानुन बमोजिम स्वास्थ्य वीमा कार्यक्रममा आवद्ध गराउन नगरपालिकाले समन्वय र सहजीकरण गर्नेछ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(३) नगरपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समूहको स्वास्थ्य वीमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ।

(४) नगरपालिकाले महिला, वालवालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ

नागरिक र अन्य विशेष संरक्षणको आवश्यकता भएका लक्षित समूहका लागि नगरपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ

(५) उपदफा (४) बमोजिमका विशेष कार्यक्रम निर्धारण गर्दा नगरपालिकाले नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ।

५३. **समन्वय र सहजिकरण गर्ने:** स्वास्थ्य सम्बन्धी राष्ट्रिय तथा प्रादेशिक अभियानमा नगरपालिकाले आवश्यक समन्वय गर्नेछ।

## परिच्छेद-१३

## कसुर, जरिवाना र क्षतिपूर्ति

५४. **कसूर गरेको मानिने:** कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐन अन्तर्गतको कसूर गरेको मानिनेछः-

(क) दफा १३ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा,

(ख) स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा

(ग) स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा,

(घ) दफा ३१ बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा.

(ङ) दफा ३१ बमोजिम गोपनीयता कायम नगरेमा,

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा,

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा,

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा,

(ञ) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि बमोजिम जारी भएको सूचना पालना नगरेमा,



त्रिवेणी नगरपालिका

(ट) दफा ३८ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा,

(ठ) दफा ३९ विपरीत कसैले विज्ञापन गरेको पाइएमा,

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम, मापदण्ड, निर्देशिका तथा कार्यविधि विपरितको अन्य कुनै कार्य गरेमा।

**५५.** **<u>सजाय तथा जरिवाना:</u>** (१) दफा ५४ को खण्ड (क) बमोजिमको कसूर गरेमा संघीय जनस्वास्थ्य सेवा ऐन, २०७५ बमोजिम हुनेछ,

(२) दफा ५४ को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ),(ञ), (ट) र (ड) बमोजिमको कसूर गरेमा नगरपालिकाले पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना गर्न सक्नेछ।

(३) दफा ५४ को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई नगरपालिकले दश हजार रुपैयाँ जरिबाना गर्न सक्नेछ

(४) दण्ड, सजाय र जरिवाना सम्बन्धी अन्य व्यबस्था प्रचलित कानुन बमोजिम हुनेछ।

५६. **क्षतिपूर्ति दिनुपर्नेः** (१) नगरपालिकाभित्र कुनै व्यक्ति वा संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरीतका गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा त्यस्तो कार्यबाट पीडित व्यक्ति वा संस्थाले आफूलाई पुग्न गएको क्षति बापत नगरपालिका वा सम्बन्धित निकायबाट क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन सम्बन्धमा छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको एकिन गरी त्यसरी हानि नोक्सानी पुऱ्याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ।

५७. **पुनरावेदन दिन सक्नेः** दफा ५५ बमोजिम गरेको जरिवाना उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश भएको मितिले पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

५८. **सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेः** प्रचलित मापदण्डका अतिरिक्त जनस्वास्थ्यमा सकारात्मक प्रभाव पार्नेगरी विशेष काम गर्ने स्वास्थ्य संस्थाहरूलाई प्रोत्साहित गर्न नगरपालिकाले सहुलियत तथा पुरस्कार प्रदान गर्न सक्नेछ।

## परिच्छेद- १४

## विविध

५९. **अधिकार प्रयोग गर्न सक्नेः** यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ।

६०. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा लेखिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

६१. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार स्वास्थ्य शाखामा प्रत्यायोजन गर्न सक्नेछ।

६२. **नियम बनाउन सक्नेः** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आबश्यक नियम बनाउन सक्नेछ।

६३. **मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेः** यस ऐन र ऐन अन्तर्गत बनेको नियमको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

**आज्ञाले**

टेक बहादुर मौनी

प्रमुख प्रशासकीय अधिकृत